केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३


# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/१७/०८२/८३

मिति : २०८३/०३/१०

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल विजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा।**

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं २/०८२ को बुँदा नं. ४५ मा संशोधन गरिएको। | **४५. ब्याज पुँजीकरण गर्ने सम्बन्धमा**<br>(१) परियोजना कर्जाको ग्रेस/Moratorium अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन। तर,<br>देहायबमोजिमका प्राथमिकता प्राप्त क्षेत्रमा आवश्यकता एवं औचित्यका आधारमा ब्याज पुँजीकरण गर्न बाधा पुगेको मानिने छैन।<br>(क) जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग,<br>(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग,<br>(ग) औषधि उद्योग,<br>(घ) केबुलकार उद्योग,<br>(ङ) चिनी उत्पादन सम्बन्धी उद्योग,<br>(च) दुग्ध जन्य वस्तु उत्पादन उद्योग,<br>(छ) नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु,<br>(ज) पर्यटक स्तरीय तारे होटलहरु,<br>(झ) अस्पताल,<br>(ञ) फलफूल, मसला, जडिबुटी लगायतका दीर्घकालीन कृषि परियोजनाहरु र<br>(ट) स्वदेशी कच्चा पदार्थ प्रयोग हुने लेदो रेशा (पल्प) तथा कागज उद्योग। | **४५. ब्याज पुँजीकरण गर्ने सम्बन्धमा**<br>(१) **इजाजतपत्रप्राप्त संस्थाले कर्जा सम्झौतापत्रमा उल्लेख गरी दीर्घकालीन प्रकृतिको परियोजनामा कर्जा प्रवाह गर्दा उक्त परियोजनाको व्यवसायिक सञ्चालन/उत्पादनबाट नगद आप्रवाह नहुँदासम्मको ग्रेस/Moratorium अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गर्न सक्नेछन्।**<br>(२) **ब्याज पुँजीकरण गर्ने सम्बन्धमा इजाजतपत्रप्राप्त संस्थाले देहायका आधारहरु समेत समावेश गरी कार्यविधि बनाई लागु गर्नुपर्नेछ।**<br>**(क) ब्याज पुँजीकरण गरिने क्षेत्रहरु,**<br>**(ख) परियोजनाको नगद प्रवाहको यथार्थपरक विश्लेषण,**<br>**(ग) पुँजीकृत गरिएको ब्याजको भुक्तानी सम्बन्धी शर्तहरु,**<br>**(घ) प्रस्तावित पुँजी योजना तथा सोको आधार,**<br>**(ङ) प्रस्तावित कर्जा स्वपुँजी अनुपात।**<br>**साथै, ब्याज पुँजीकरण गर्ने निर्णय सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिबाट गर्नुपर्नेछ।**<br>(३) **एकपटक तय गरेको ग्रेस अवधि थप गरी ब्याज पुँजीकरण गरेको खण्डमा उक्त कर्जा पुनरसंरचना गरेको मानिनेछ र सोहीबमोजिम कर्जा वर्गीकरण गरी न्यूनतम २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ।**<br>**तर, जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेतापनि प्रसारण लाईन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई** |

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | (२) जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेतापनि प्रसारण लाईन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रुपमा पुँजीकरण गर्न सकिनेछ ।<br>(३) यसरी ब्याज पूँजीकरण गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गर्नु पर्नेछ ।<br>(४) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएको कर्जाको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन ।<br>(५) ग्रेस अवधिको ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नुपर्नेछ ।<br>(६) परियोजनाको नगद प्रवाह विश्लेषण गरी ICTL को भुक्तानी अवधि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तोक्न सक्नेछ । | **सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रुपमा पुँजीकरण गर्न सकिनेछ । त्यस्तो कर्जालाई पुनरसंरचना गरेको मानिनेछैन ।**<br>(४) **प्राकृतिक प्रकोप वा हुलदंगा लगायतका ऋणीको काबु बाहिरको परिस्थितिजन्य कारणले परियोजना सञ्चालन गर्न नसकिने गरी क्षति भई उक्त व्यवसाय पुन: सञ्चालन गर्न कम्तिमा २ वर्षभन्दा बढी समय लाग्ने भएमा त्यस्ता कर्जाको भाखा नाघेको सम्पूर्ण साँवा तथा ब्याज असुल भई ग्रेस अवधि प्रदान गरेको खण्डमा उक्त ग्रेस अवधिमा पाकेको ब्याज पुँजीकरण गर्न सकिनेछ । त्यस्ता कर्जालाई पुनरसंरचना गरेको मानिनेछ र सोहीबमोजिम वर्गीकरण गरी न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।**<br>(५) **पुनरसंरचना वा पुनरतालिकीकरण गरिएको कर्जाको भाखा नाघेको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन ।**<br>(६) **ग्रेस अवधिको ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ ।**<br>(७) **परियोजनाको नगद प्रवाह विश्लेषण गरी ICTL को भुक्तानी अवधि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तोक्न सक्नेछ ।**<br>***प्रष्टिकरण: दीर्घकालीन परियोजना भन्नाले परियोजनाको व्यवसायिक सञ्चालन/उत्पादनबाट नगद आप्रवाह शुरु हुन कम्तिमा २ वर्ष लाग्ने परियोजना बुझ्नु पर्नेछ ।*** |

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| २. | इ.प्रा. निर्देशन नं. २१/०८२ को बुँदा नं. ३० मा संशोधन गरिएको । | **३०. खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेबसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा**<br>(क) खाता रोक्का तथा फुकुवा सम्बन्धमा "बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१" को व्यवस्थाबमोजिम गर्नुपर्नेछ ।<br>(ख) इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई यस बैंकको वेबसाइट http://acstatus.nrb.org.np मा राखिने व्यवस्था रहेको छ । उक्त वेबसाइटमा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID / Password बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेबसाइटको उक्त ठेगानामा राखिने सूचना/निर्देशनलाई आधिकारिक मानी संलग्नपत्रानुसारको काम कारबाही सम्पादन गरी सो को विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने छ । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेबसाइटमा भएको सूचनामा संलग्न अनुसारको कामकारवाही | **३०. इजाजतपत्रप्राप्त संस्थाले खाता रोक्का/फुकुवा गर्ने/गराउने सम्बन्धमा**<br>(क) खाता रोक्का तथा फुकुवा सम्बन्धमा "बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१" को व्यवस्थाबमोजिम गर्नुपर्नेछ ।<br>(ख) इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई यस बैंकको वेबसाइट http://acstatus.nrb.org.np मा राखिने व्यवस्था रहेको छ । उक्त वेबसाइटमा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID / Password बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेबसाइटको उक्त ठेगानामा राखिने सूचना/निर्देशनलाई आधिकारिक मानी संलग्नपत्रानुसारको काम कारबाही सम्पादन गरी सो को विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने छ । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेबसाइटमा भएको सूचनामा संलग्न अनुसारको कामकारवाही सम्पादन नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था तथा जिम्मेवार अधिकारी जवाफदेही हुनेछन् ।<br>साथै, खाता रोक्का/फुकुवा सम्बन्धी कार्य सम्पन्न भएपछि सोको तथ्याङ्क/जानकारी SIS को NRB31- Account Blocked and Released Details बमोजिमको ढाँचामा सोको तथ्याङ्क/जानकारी SIS मार्फत पठाउनु पर्ने छ । |

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td></td><td></td><td>सम्पादन नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था तथा जिम्मेवार अधिकारी जवाफदेही हुनेछन् ।<br><br>साथै, खाता रोक्का/फुकुवा सम्बन्धी कार्य सम्पन्न भएपछि सोको तथ्याङ्क/जानकारी SIS को NRB31-Account Blocked and Released Details बमोजिमको ढाँचामा सोको तथ्याङ्क/जानकारी SIS मार्फत पठाउनु पर्ने छ ।</td><td>(ग) इजाजतपत्रप्राप्त संस्थाले वित्तीय अपराध न्यूनीकरणका लागि आवश्यक समन्वय गर्न कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीको मौखिक/लिखित अनुरोधमा वित्तीय अपराधसँग सम्बन्धित बैंक खाता अल्पकालीन अवधिका लागि रोक्का राख्न 24/7 कार्य गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । त्यस्ता कार्यका लागि Dedicated Contact Number आफ्नो वेबसाइटमा राख्नुपर्नेछ ।<br>(घ) कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीले इजाजतपत्रप्राप्त संस्थासँग विवरण माग गरेमा सोझै यथाशिघ्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।</td></tr>
<tr><td>३.</td><td>इ.प्रा.निर्देशन नं. २/०८२ सँग सम्बन्धीत अनुसूचीको ने.रा. बैंक निर्देशन फा.नं.२.२ मा Column थप गरिएको ।</td><td><table><tr><th>शाखा</th><th>शाखा कोड (ने.रा. बैंक अनुसार)</th><th>समूहको नाम</th><th>ऋणीको नाम</th><th>......</th><th>कैफियत</th></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td><table><tr><th>शाखा</th><th>शाखा कोड (ने.रा. बैंक अनुसार)</th><th>समूहको नाम</th><th>ऋणीको नाम</th><th>.....</th><th>ब्याज पुँजीकरण गरिएको रकम</th><th>कैफियत</th></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td></tr>
</table>